# त्रिपुरासुन्दरी गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिबेशन
# आर्थिक वर्ष २०८०/०८१ का लागि
# अध्यक्ष  श्री राजु उप्रेतीज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

त्रिपुरासुन्दरी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

सल्यानटार, धादिङ

बागमती प्रदेश  नेपाल,

२०८० असार १०

**"शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, पर्यटन र पूर्वाधार; समुन्नत समाज त्रिपुरासुन्दरीको  मूल आधार"**

त्रिपुरासुन्दरी गाँउपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिबेशनमा उपस्थित यस कार्यक्रमका प्रमुख अतिथिज्यू, विषेश अतिथिज्युहरु, अतिथिज्यूहरू, गाउँपालिको उपाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस दोस्रो गाउँसभाको तेस्रो अधिबेशनमा उपस्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु , पूर्व जनप्रतिनिधिज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु , बुद्धिजीवि, पत्रकार, विभिन्न गैर सरकारी तथा निजी संघ संस्थाको प्रतिनिधिज्यूहरू, सुरक्षाकर्मी मित्रहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा म यस गाउँपालिकाको अध्यक्ष र स्थानीय सरकारको तर्फबाट सबैमा हार्दिक अभिवादन गर्दछु, नमस्कार !

- आवधिक निर्वाचनबाट दोस्रो कार्यकालको लागी गठित यस गाउँसभा मार्फत नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट  न्यायपूर्ण विभेद रहित समतामुलक  समाज र समुन्नत  नेपालको निर्माण गर्ने उद्देश्यका साथ यस गाउँपालिकाको स्थानीय सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागी वार्षिक नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न २००७ सालको क्रान्ति , २०४६ सालको पहिलो जनआन्दोलन, २०५२-२०६३ मा भएको जनयुद्ध , २०६२/०६३ को दोस्रो जनआन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न कालखण्डमा भएको राजनैतिक तथा सामाजिक आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने महान शहिद प्रति हार्दिक श्रद्धासुमन व्यक्त  गर्दछु । साथै उक्त आन्दोलनहरुको क्रममा बेपत्ता हुनुभएका, घाइते हुनुभएका, र सहिद तथा घाइते र वेपत्ता परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु | स्थानीय तहको सरकारले यस  गाउँपालिकाको समग्र विकास र सम्मुनति तथा  नागरिक सेवा प्रवाहको लागी नवीन र रूपान्तरणकारी योजना तथा नीति कार्यक्रम संचालन गर्नु वर्तमानको आवश्यकता रहेको छ ।
- नेपालको संविधान, संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम आवधिक योजना, दिगो विकासको लक्ष्य, राजनीतिक दलहरूको घोषणापत्र, लगायत यस गाउँपालिकासंग सम्बन्धित सम्पूर्ण सरोकारवाला पक्षहरुको राय, सल्लाह , सुझाव समेतको आधारमा यस गाउँपालिकालाई  सवल, अन्तरनिर्भर, प्रविधिमैत्री र सुशासन मुक्त गाउँपालिका बनाउने दृढ संकल्पका साथ अगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । स्थानीय सरकार गठन भए पश्चात विगतको वर्षहरूमा भएका नविनतम कार्यहरुलाई आगामी आर्थिक वर्षपनी निरन्तरता दिँदै, संविधान प्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन मार्फत स्थानीय तहको भूमिकालाई थप  जिम्मेवार र प्रभावकारी बनाउन संघीय सरकार र प्रदेश सरकारसंगको सहकार्य र समन्वयलाई मजबुत बनाइने छ । गाउँपालिका निवासी सबै नागरिकको पहिचान सहितको प्रगतिको लागी उच्च आर्थिक वृद्धि, सामाजिक न्याय, प्राकृतिक सम्पदा र वातावरण संरक्षणको माध्यमबाट यस गाउँपालिकाको समृद्धि र दिगो विकासमा जोड दिइनेछ । गाउँपालिकाको आर्थिक तथा सामाजिक विकास र समृद्धिमा योगदान गर्न सक्ने उच्च प्रतिफलयुक्त आयोजनाहनाको पहिचान र गरि कार्यान्वयनमा लैजाने नीति लिइनेछ । त्यसको लागी त्रिपुरासुन्दरीबासी नागरिकको जीवनमा गुणात्मक परिवर्तन ल्याउने प्रतिवद्धता सहित समुन्नत त्रिपुरासुन्दरीको आकांक्षा पूरा गर्ने स्थानीय सरकारको महाअभियानमा सहभागिता जनाउन गाउँपालिका निवासी सम्पूर्ण नागरिकहरुलाई हार्दिक आव्हान गर्दछु |
- स्थानीय सरकारको दोस्रो कार्यकालको लागी गठन भएको वर्तमान स्थानीय सरकारको पहिलो आर्थिक बर्षमा लिइएको नीति अनुसार यो एक वर्षको अवधिमा प्राप्त उपलब्धिलाई आत्मसात गर्दै उक्त नीति कार्यक्रम र बजेट कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने सम्पूर्ण उपभोक्ता समिति , गाउँकार्यपालिका र गाउँसभा सदस्यहरु गाँउपालिकाको प्रशासनीक तथा प्राविधिक

कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छु। यस आ.वमा गत दोस्रो गाउँसभाको पहिलो अधिवेशनबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेटले तोकेअनुसारको सफलता प्राप्त गर्न नसके पनि सल्यानटार मूल सडक कालोपत्रे , खोल्सी-पानीट्यांकी –कोषढुंगा सडक खण्ड कालोपत्रे , ठुलोबेशी –मुलपानी –मुर्चोक सडक खण्डको मुख्य स्थानमा ढलान कार्य सम्पन्न , गौरवको आयोजनाको रुपमा रहेको मनपाङ्गखोला सल्यानटार सहलगानी खानेपानी आयोजना सम्झौता भई कार्यान्वयन चरणमा रहेको र वडा नं ४ र ५ लाई सेवा पुग्ने गरी सुरु गरिएको सल्यानकोट वृहत खानेपानी आयोजना कार्यन्वयनको चरणमा रहेको ,वडा नं ६ मा रहेको कामीटारी लिफ्ट खानेपानी आयोजना तथा सिमबेसी सल्लाहघारी सडक कालोपत्रे निर्माणाधीन अवस्थामा रहेको , वडा नं ७ मा स्वास्थ्य चौकीको पूर्वाधार निर्माणाधीन अवस्थामा रहेको छ | साथै नृसिंहधाम र त्रिपुरासुन्दरी मन्दिरलाई धार्मिक पर्यटकीय पूर्वाधारलाई जोड दिइदै गुरुयोजना निर्माणको चरणमा रहेको हुनाले यी कार्यहरुलाई यस गाउँपालिकाको महत्वपूर्ण उपलब्धिको रुपमा लिएको छु |आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा पनि सहयोग अपेक्षा गर्दछु |

- चालू आर्थिक वर्षमा देशको अर्थतन्त्रमा देखिएको मन्दीको कारण गाउँपालिकाले आगामी आर्थिक वर्षको लागी तर्जुमा गरिने नीति तथा कार्यक्रम र बजेटमा केही परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको छ । आगामी आर्थिक वर्षमा सामाजिक न्याय सहितको सुशासन कायम गर्दै सार्वजनिक खर्चमा मित्व्यहिता, स्रोत साधन परिचालनमा दक्षता र विनियोजन कुशलता अभिवृद्धि गरी वजेटको परिणाममुखी कार्यान्वयनको सुनिश्चित गर्दै उत्पादनमुलक क्षेत्रमा लगानी अभिवृद्धि गर्ने नीति लिइनेछ |
- यस गरिमामय गाउँसभाका प्रमुख अतिथि, विशिष्ट अतिथि तथा गाउँसभाका सदस्यज्यूहरु यस गाउँपालिकाको दिर्घकालीन सोच भनेको, “शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, पर्यटन, र पूर्वाधार; समुन्नत समाज त्रिपुरासुन्दरीको मूल आधार” रहेको छ।
- यस गाउँपालिकाको स्थानीय सरकारको लक्ष्य त्रिपुरासुन्दरी गाउँपालिका भित्र रहेका प्राकृतिक सहित विविध अन्य स्रोत साधन तथा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त अनुदानको न्यायपूर्ण, समुचित रुपमा र अधिकतम परिचालन गरि “कोख देखी शोक सम्म” स्थानीय सरकार भन्ने मुल नाराका साथ, प्रविधिमा आधारित निशुल्क गुणस्तरिय शिक्षा, भौतिक पूर्वाधारको विकास, दक्ष चिकित्सक सहितको स्वास्थ्य सेवा, कृषिको आधुनिकिकरण पर्यटकिय क्षेत्रको प्रबर्धन र प्रचार प्रसार, घरेलु तथा साना उद्योग व्यावसायलाई सहजिकरण सिपमुलक तालिम र रोजगारीको सिर्जना, मनोसामाजिक परामर्शको माध्यमबाट आत्महत्या गर्ने कार्यको न्यूनीकरण लगायत अन्य क्रियाकलापमार्फत आम नागरिकलाई आत्मनिर्भर बनाउदै सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित सम्मुन्नत समाज निर्माण गर्ने रहेको छ ।
- "सामाजिक न्याय, सुशासन सहितको समृद्ध त्रिपुरासुन्दरी- सवल स्थानीय सरकार” बनाउने गाउँपालिकाबासीहरुको चाहनालाई पूरा गर्न नागरीक सेवा प्रवाह, विपद् व्यवस्थापन, सुशासन, प्राकृतिक स्रोतको परिचालन, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधारको विकास, संस्थागत विकास समावेसी तथा समानुपतिक वितरण र भ्रष्टाचार रहित सुशासन मार्फत सम्मुन्नत त्रिपुरासुन्दरी निर्माण गरिने उद्देश्य लिइएको छ |

**सभाका सदस्यज्यूहरु,**

वार्षिक नीति तथा कार्यक्रम तजुर्मा गर्दा निम्न बमोजिको आधारहरू अवलम्बन गरिएको छ ।

● यस गाउँपालिकाको नीति तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधानको अनुसुची-८ मा व्यवस्था गरिएको स्थानीय तहको एकल अधिकार, संबिधानको भाग-४ धारा ४१, ५०, र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, अनुसुची-९ मा व्यवस्थ्य भएको साझा अधिकार, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, स्थानीय सरकारको संचालन ऐन २०७४, राष्ट्रिय योजना आयोगबाट प्राप्त निर्देशन र प्रदेश सरकारको नीति तथा कार्यक्रम र आवधिक योजनाहरू, संघिय सरकार आर्थिक बर्षहरूको नीति तथा कार्यक्रम बजेट र मार्गदर्शन, गाउँपालिकाको विगत्का योजना, मध्यकालीन खर्च संरचना , स्थानीय नागरिकको माग, तथा आवश्यकता ,विषयगत विज्ञ तथा बुद्धिजिबीहरुबाट प्राप्त राय तथा सल्लाह, सुझाव, राजनैतिक दल तथा नागरिक समाजबाट प्राप्त सुझाव हरुलाई अवलम्बन गर्दै यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

- प्राथमिकताको क्षेत्रहरु

- ❖ सामाजिक न्याय सहितको सुशासन
- ❖ कृषि तथा पशुपालन
- ❖ शिक्षा तथा प्रविधि
- ❖ स्वास्थ्य
- ❖ भौतिक पूर्वाधार
- ❖ वातावरण तथा विपद व्यवस्थापन
- ❖ खानेपानी तथा सरसफाई
- ❖ महिला, बालवालिका ,तथा जेष्ठ नागरिक र अपाङ्गता
- ❖ सूचना प्रबिधि तथा संचार
- ❖ सहकारी तथा उद्यमशिलता र स्वरोजगार
- ❖ पर्यटन प्रबर्धन
- ❖ प्रबिधि सहितको युवाहरुको सहभागितामा स्वरोजगार

**भौतिक पूर्वाधार** :

- यस गाउँपालिकाको स्थानीय सरकारले **"दिगो पूर्वाधार नै विकासको भरपर्दो आधार"** भन्ने नाराको साथ गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासलाई द्रुत गतिमा तिव्रता दिन तथा गाउँपालिका निवासी नागरिकको जनजिविकालाई सहज तुल्याउन भौतिक पूर्वाधार विकासको योजना तर्जुमा गरी पूर्वाधार विकासमा जोड दिइनेछ। आर्थिक वर्ष २०७९/८० मा यस गाउँपालिका भित्र निर्माण सम्पन्न भएका टारीबेसी –खोल्सी बगैंचा-सित्तलबजार कालोपत्रे , पानी ट्यांकी – कोषढुंगा सडक कालोपत्रे गरेर करिव ६ कि.मि ,वडा नं १ मा निर्माणाधीन कभर्ड हल ,ठूलोबेशी- मुलपानी मुर्चोक सडक ७५० मि.ढलान निर्माणाधीन ,सिमबेसी- सल्लाघारी सडक कालोपत्रे लगायत भौतिक पूर्वाधारहरुको संरक्षण र सम्बर्धन गर्दै आर्थिक वर्ष २०८०/०८१ मा भौतिक पूर्वाधार आयोजनाहरुको छनौट र कार्यान्वयन गरि धैरै भन्दा धैरै नागरिक लाभान्वित हुने र दिर्घकालिन प्रतिफल दिनसक्ने आयोजनाहरुलाई प्राथमिकता दिइनेछ। बजेट अनुसारको पूर्वाधार विकास होइन की, पूर्वाधार अनुसारको बजेट सिद्दान्तलाई अवलम्बन गरिनेछ। यसको लागि गाउँपालिकाले पूर्वाधार विकास आयोजनाहरुको "योजना बैंक" स्थापना गरिनेछ । गाउँपालिकाको आवधिक योजना निर्माण गरी उक्त योजना अनुसार भौतिक पूर्वाधार निर्माणको आयोजनाहरू अघि बढाइनेछ। सल्यानटार मूल सडक स्तरोउन्नति गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ |
- यस त्रिपुरासुन्दरी गाउँपालिका भित्रका सडकहरूको सम्पूर्ण विवरण अद्यावधिक गरी चालु आर्थिक वर्ष देखी शुरु भएको यस पालिका भित्रको सडक कालोपत्रे तथा ढलान गर्ने कार्यलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ | यो सरकार पाँच वर्षे कार्यकाल भित्र गाउँपालिकाको ७ वटै वडा सम्म पुग्ने सडक कालोपत्रे गर्ने मुख्य योजना अनुसार थप किलोमिटर सडक कालोपत्रे गरिनेछ। त्यसै गरी आवधिक योजना निर्माण गर्दा यस गाउँपालिकाको ७ वटै वडा जोड्ने पालिका स्तरीय चक्रपथ निर्माण आयोजनालाई प्राथमिकतामा राखी त्यसको सम्भावयता अध्ययन गरी कार्यान्वयन चरणमा लगिनेछ ।जसले गर्दा सल्यानटार –खहरे –आँपचौर –वेलुङ-मुर्चोक- मुलपानी- ठुलोबेंसी हुँदै सल्यानटार जोड्ने सडक निर्माण कार्य थालनी गरिनेछ |
- सङ्घीय सरकारको योजना र प्रदेश सरकाको योजनाहरुलाई कार्यान्वयन गर्दै सरकारको सहभागितामा अगौंता- - गल्छिना- -बुट्टार सडक, बगैचा- सिकटार सडक कालोपत्रे गर्दै, सल्यानटार –आगिन्चोक- सल्यानकोट सडक, सल्यानटार – ठुलोबेशी –मुर्चोक सडकको कालोपत्रे गर्ने कार्यको शुरुवात गरिनेछ। यस गाउपालिका भित्र मध्ये पहाड़ी लोकमार्ग अन्तर्गत पर्ने आरुघाट – सल्यानटार- खहरे- जलजले सडकको कालो पत्रे गर्ने कार्यलाई मध्ये पहाडी लोकमार्ग आयोजनाको समन्वयमा द्रुत गतिमा अघि बढाइनेछ |प्रदेश सरकारको योजनामा छनौट भएका गणेस्थान- हटिया –त्रिपुरासुन्दरी सडक ,रिङ्गने हाइड्रो कार्कीगाउँ -

वेलुङ सडक स्तारोन्न्ति ,सानोगाउँ-आरुघाट सडक, जलजले-खमारे-सिउरेनी सडक- खहरे –फुलखर्क बेलुङ सडकको स्तरोउन्नति कार्यलाई तिब्रता दिइनेछ |यी लगायत  गाउँपालिका भित्रका शाखा सडकहरुको स्तरउन्नती कार्यलाई पनि प्राथमिकता दिइनेछ।

- वर्षायाममा मनसुनी वर्षाका कारण बाढी पहिरोबाट अवरोध हुन सक्ने यस गाउँपालिकाभित्रका मुल तथा शाखा सडकहरूको पहिचान गरी पक्की ड्रेन निर्माण, ग्याबिन वाल निर्माण तथा सडक ग्राभेल गर्ने कार्यलाई पनि  उच्च प्राथमिकता दिइनेछ। गत आर्थिक वर्ष सम्म यस गाउँपालिका भित्रको केहि मुख्य सडकहरु वर्षायाममा संचालन हुन नसक्ने अवस्थामा थिए चालु आर्थिक वर्षमा गरिएको स्तरउन्नतीको कारण आगामी आर्थिक वर्षको वर्षायामा पनि यातायातको साधन संचालन हुन सक्ने भएका छन्| गाउँपालिका भित्रका मुख्य सडकहरु बाह्रै  महिना संचालन हुने भए पछी यहाँको नागरिकहरुको सुविधालाई ध्यानमा राखी स्थानीय यातायातलाई व्यवस्थीत गर्न आवश्यक सहजिकरण गरिनेछ।

**आवास तथा पुननिर्माण**:

चालू आर्थिक वर्षमा लिईएको नीति अनुसार यस गाउँपालिकाभित्रका ७ वटै वडा कार्यालयहरु आफ्नै भवन निर्माण गरि संचालनमा आएका छन्। केही वडा कार्यालयहरू पहिले देखीने आफ्नै भवन वाट संचालन भएता पनि वडा नं १,२,४ र ५ को वडा कार्यालय भवन चालू आर्थिक वर्षमा निर्माण सम्पन्न भएर संचालनमा आएका हुन्। यसलाई हामिले गाउँपालिकाको उपलब्धिको रूपमा लिएका छौं। आगामी आर्थिक वर्ष यस गाउँपालिका भित्रका ७ वटै  वडाहरूमा आवश्यक रहेको सामाजिक, सांस्कृतिक  तथा धार्मिक कार्यहरुमा प्रयोग गर्न सकिने सुबिधा सम्पन्न  सामुदायिक सेमिनार हलको निर्माण कार्य केही बडाहकमा सम्पन्न गरिनेछ। वडा नं. १ मा निर्माण कभर्ड हलको निर्माण सम्पन्न गरी त्यसलाई नागरिकको पहुँचमा ल्याएर संचालन गरिनेछ।

- आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकाको समग्र विकासको निमित्त आवधिक तथा रणनीतिक योजना तर्जुमा गरिनेछ। आवधिक तथा रणनितिक योजनामा समाविष्ट भएको योजनाहरुलाई प्राथमिकिकरण गरेर उक्त  आयोजनाहरु  संम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्म संघीय तथा प्रदेश सरकारसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- आगामी गाउँसभावाट विनियोजन भएको सम्पूर्ण योजनाको सम्झौता चैत्र मसान्त भित्र गरिसक्नु पर्ने नीति लिइएको छ।
- संघीय सरकारको नीति तथा कार्यक्रममा समावेस भएको सल्यानटार सिंचाइ आयोजनाको संम्भाव्यता अध्यायन कार्यलाई संघीय सरकारको समन्वयमा आगामी आर्थिक वर्षमा त्यसको सम्भाव्यता अध्ययन कार्यलाई तिव्रता दिइनेछ।
- नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकाको भु- उपयोग नक्सा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। मलाई विश्वास छ, आगामी आर्थिक वर्ष देखी हाम्रो गाउँपालिका भित्रको सबै जग्गाको जमिनको वर्गिकरण भएर घर जग्गाको कित्ताकाट भई जग्गाको कारोबार सुचार हुनेछ। गाउँपालिका भित्र भएको सम्पूर्ण भूमिको  वर्गिकरण पश्चात वन क्षेत्र, कृषि क्षेत्र, आवसीय क्षेत्र, सार्वजनिक क्षेत्र र खुला क्षेत्रको सिमाकन गरीनेछ। गाउँपालिकाभित्रका विभिन्न बुद्धिजीविहरुको सुझाव अनुसार एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गरिनेछ।
- प्राकृतिक जोखिममा परेका भौतिक पूर्वाधारको हिसावले अपाएक र विकासको आयोजनाहरु संचालन गर्दा अत्यन्त खर्चिलो बन्न सक्ने वस्तीहरुको स्थानान्तरण योजना बनाई एकिकृत वस्ती विकासको अवधारणालाई अघी बढाइनेछ। गाउँपालिका भित्रका खुला र सार्वजनिक जमिनहरुको पहिचान गरि सिमांकन गर्ने, सुरक्षा गर्ने र तिनलाई सार्वजनिक उद्यानको रुपमा विकसित गर्दै लगिनेछ। कम्तिमा एक एक सुव्यवस्थित हरियाली प्रविधिमैत्री उद्यान पार्कको  व्यवस्था गरिनेछ। वी. पी पार्क ,अल्पू पार्क कुसुनेचौर लगायत पार्कहरुको स्तारोउनन्ति तथा संरक्षण गर्दै एक वडा एक पार्क निर्माण कार्यलाई अघि बढाइने छ | अचनेटारमा स्मार्ट भिलेज  स्थापना गरिनेछ। गाउँपालिकाको पूर्वाधारहरुमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिकाको शेयर स्वमीत्व रहने गरी आवश्यक प्रवन्ध मिलाइनेछ।

- गाउँपालिका भित्रको विभिन्न स्थानमा रहेको पुराना र मौलिक किसिमको चौताराहरु संरक्षण गर्दै नयाँ स्थानहरुमा पनि समुदायको अगुवाइमा यस्ता चौतारा हरुले निर्माण गरी सम्बर्धन गरिनेछ। खोला खोल्सीको दायाँ र वायाँ तथा सार्वजनिक र खुला क्षेत्रमा वृक्षरोपण कार्यलाई तिव्रता दिइनेछ।
- गाउँपालिकाकै गौरवको आयोजनाको रूपमा यस गाउँपलिका भित्र एउटा राष्ट्रिय स्तरको सभा सम्मेलन आयोजना गर्नका निमित्त संघीय तथा प्रदेश सरकारको सहकार्यमा ७०० जना क्षमताको "त्रिपुरासुन्दरी सम्मेलन केन्द्र" भवनको निर्माण कार्य शुरु गरिनेछ। राष्ट्रिय गौरवको आयोजना जलाशययुक्त जलविद्युत आयोजनाबाट विस्थापित नागरिकहरुलाई मुस्कानसहितको पुनर्वास कार्यक्रमका लागी आवश्यक पहल कदमी लिइनेछ।
- सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालको रुपमा रुपान्तरण गरिनेछ |

## आर्थिक विकास:

**"करका क्षेत्रहरुको विस्तार विकासको आधार"** भन्ने नाराको साथ गाउँपालिकाको प्रदेश र सङ्घीय सरकारको स्रोतबाट प्राप्त हुने अनुदान प्रतिको निर्भरतालाई कम गर्दै गाउँपालिकाको आन्तरिक आयस्रोतलाई बढाएर स्थानीय सरकारलाई आत्मनिर्भर बनाउँदै लगिनेछ। गाउँपालिका भित्रको आफ्नो नागरिकलाई सक्षम र आत्मनिर्भर बनाउन सके स्वत सम्वृद्ध बन्ने छ भन्ने विश्वास स्थानीय सरकारको रहेको छ | गाउँपालिकाको राजश्व सम्बन्धी ऐन ,नियम, तथा नियमावली र कार्यविधिहरुलाई आवश्यक सुधार तथा परिमार्जन गरी राजश्व चुआवटलाई कम गर्दै प्रविधिको प्रयोग गरेर राजश्वको दर नवबढाईकन दायरा फराकिलो पारिनेछ |राजश्व संकलन हुन् सक्ने चुआवट नियन्त्रण गर्न स्थानीय सरकारको तर्फबाट अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ | देशको समग्र आर्थिक क्षेत्रमा अवलम्बन गर्नुपर्ने कार्यहरुलाई प्राथमिकताका साथ् अवलम्बन गरिनेछ | व्यवसायिक प्रकृति र पुँजीगत लगानीको आधारमा व्यवसायको वर्गीकरण गरी करको दर निर्धारण गरिनेछ |

- राजस्व शाखामा कार्यरत कर्मचारी हरुलाई दक्ष बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ 1 करदाता हरुलाई राजस्व सम्बन्धी जानकारी गराई कर हाम्रो तर्नु हाम्रो कर्तव्य हो भन्ने बोध गराई समयमै कर दाखिला गर्ने करदाताहरलाई प्रोत्साहन स्वरूप स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधामा प्राथमिकता दिइनेछ। आन्तरिक आयबाट प्राप्त कोषको परिचालन गाउँपालिकाको पूर्वाधार विकास र सामाजिक क्षेत्रको विकासमा खर्च गरिनेछ। सम्पती कर व्यवस्था कर सम्बन्धि कार्यविधि तर्जुमा गरि सम्पती कर लगाउने ब्यवस्था गरिनेछ। नीजि स्तरमा भौतिक पक्कि पूर्वाधार पक्की किसिमको भौतिक पूर्वाधार निर्माण गर्दा अनिवार्य नक्सा पास कार्य गर्नुपर्ने ब्यवस्था गर्दै घर बहाललाई पनि करको दायरामा लेराइनेछ | प्राकृतिक स्रोतको रुपमा रहेको ढुंगा, गिट्टी, वालुवा, माटो, काठ, जडिवुटी, जस्ता स्रोतको परिचालन गर्दा करको दायरामा लेराइनेछ। उद्योग वाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्श जस्ता औद्योगिक सेवासंस्थाहरुको समन्वयमा स्थानीय व्यवसायीहरुलाई PAN/VAT सम्बन्धी तालिमको ब्यवस्था मिलाइनेछ।

### कृषि :

कृषि क्षेत्रमा यस गाउँपालिकाको अधिकांस नागरिकहरू कृषिमा आश्रित हुनुहुन्छ। तर कृषि खेती गर्ने खेती योग्य जमिनको उत्पादन क्षमता घट्दै गएकोले माटोको उर्वरा शक्ती बढाउन र आधुनिक कृषि खेतिको लागी माटो सुहाउँदो खेतिको विकास गर्नको लागी चालु आर्थिक वर्षमा संचालन गरिएको माटो परिक्षण कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। चालु आर्थिक वर्षमा गरिएको माटो परिक्षणको प्रतिवेदन अनुसार आवश्यक जमिनमा चुन तथा प्रारंगरिक मलको प्रयोग गर्दै भिन्न भिन्न वडाहरुमा भिन्न भिन उत्पादनको लागी कृषि पकेट क्षेत्र घोषणा गरिनेछ। रासायनिक मलको प्रयोग लाई निरुत्साहित गर्दै यस गाउँपालिका भित्रका सबै कृर्षकको घर घरमा कम्पोष्ट मलको उत्पादन गराउने र स्थानीय सरकारको सहकार्यमा एउटा कम्पोष्ट मल उत्पादन गर्ने कारखाना खोल्न आवश्यक व्यबस्था मिलाइनेछ। कृषकहरुलाई उत्पादनको आधारमा अनुदान र उत्पादित वस्तुको बजारीकरणको लागी एउटा कृषि एम्बुलेन्स संचालन गर्न आवश्यक कार्य गरिनेछ।

गाउँपालिका भित्र विभिन्न कृषि सहकारीको समन्वयमा गाउँपालिकामा एउटा हाट बजार ब्यवस्थापन गरिनेछ। चालु आर्थिक वर्षमा यस गाउँपालिकाको वडा नं. ३स्थित ठूलो बेसीमा स्थानीय सरकार र कृषिको साझेदारी संचालन गरिएको आलुखेतीबाट किसानहरुले अपेक्षित लाभ लिन सकेकोले आगामी आर्थिक वर्षमा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइदै अन्य स्थानहरुमा पनि उक्त साझेदारी कृषि कार्यक्रमलाई संचालन गरिनेछ।

- ✓ **"हराभरा त्रिपुरासुन्दरीको** आधार , **विस्तृत सिचाईको पूर्वाधार**" भन्ने अभिप्रायका साथ सामुदायिक उपभोग्य संकलन तथा वितरणका संरचनाहरु योजनाबद्ध ढंगले निमार्ण गरिनेछ।
- ✓ **किशानसंग उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ** |
- ✓ माग र सम्भाव्यता आधारमा कृषिजन्य उत्पादनको पकेट क्षेत्र निधारर्ण गरिने छ |सो पश्चतात स्रोत साधन र उन्नत प्रविधिलाई एकत्रित गरि परियोजना ढंगले परिचालन गरिने छ। चक्लाबन्दी गरी सामूहिक र व्यवसायिक कृषि उत्पादन गर्ने क्षेत्रहरुमा मझौला प्रकृतिका सोलार जडित चिस्यान कोठाहरु निमार्ण कार्यलाई पाईलट प्राजेक्टरका रुपमा संचालन गरिनेछ।
- ✓ **"युवाको उर्जा त्रिपुरासुन्दरी औजार"** भन्ने मिसन कार्यक्रम अन्तर्गत बाझो जग्गा सदुपयोग गर्न पालिकाको मातहतमा खनजोतका लागि आवश्यक मेसिनरी औजारयूक्त कष्टम हायरिङ्ग सेन्टर स्थापना गरी उत्पादन भूमि खोजी रहेका वा उत्पादन क्षेत्र विस्तार गर्न चाहने युवाहरुलाई विशेष सहुलियत मेसिनरी उपकरणहरु करारमा उपलब्ध गराइनेछ।
- ✓ उचित तालिम र सहजिकरणका साथ कम आयतन उच्च मूल्यबादी वस्तुको उत्पादन तथा बजार प्रबर्द्धनमा विशेष ध्यान दिदै लगिनेछ। ४ **वटा म –प्राङ्गगारिक मल, माटो, मास र मौरी**लाई प्रबर्धन गरिनेछ।
- ✓ "दिवा खाजामा रैथाने बाली , एक विद्यालय एक करेसा बारी" अभियान अन्तर्गत सामूदायिक विद्यालयमा दिदै आएको दिवा खाजामा रैथाने बालीका परिकार समावेश गर्न पहल कदमी गरिनेछ। जसका लागि सानो समूहलाई हेरचाह गर्ने र प्रयोग गर्ने हिसाबले विद्यायलय नजिकै उपयूक्त आकारको करेसा बारी स्थापनामा जोड दिइनेछ।
- ✓ **"निर्धक्क फलाउ , सुनिश्चित छ खरिद"** भन्ने अभियान अन्तर्गत कृषिजन्य उत्पादनलाई प्रोत्साहन गर्न उचित ब्राण्डिङ्गका साथ बजारीकरणको व्यबस्था मिलाईनेछ।
- ✓ त्रिपुरासुन्दरी गाउँपालिका भित्र व्यावसायिक रुपमा खाद्यन्न बाली, नगदे बाली र मसलाबाली उत्पादनमा जोड दिई खाद्य सुरक्षामा जोड दिइनेछ।
- ✓ भौगोलीक बनावट, हावापानी, माटो सुहाउदो व्यावसायिक तरकारी उतपादन मार्फत तरकारी ,फलफूल र फूल उत्पादनमा आत्मनिर्भर बनाई बजारीकरणमा जोड दिइनेछ।
- ✓ त्रिपुरासुन्दरी गाउँपालिका भित्र रहेका रैथाने बालीहरु जस्तै घैया धान, चैते धान, मकै, कोदो, तिल, स्थानीय गोलभेंडा, लसुन आदिको उत्पादन संरक्षण,तथा प्रबर्धनमा जोड दिइनेछ।
- ✓ त्रिपुरासुन्दरी गाउँपालिका हरेक वडामा कृषिको **"एक वडा एक गौरवको आयोजना"** संचालनमा जोड दिइनेछ।
- ✓ कृषि मेला ,प्रर्दशनी तथा कृषिसंग सम्बन्धित विभिन्न दिवसहरु मनाउन सुरु गरि उत्पादन र प्रविधि प्रसारमा जोड दिइनेछ।
- ✓ निजिस्तरबाट संचालनमा रहेका डुडेफाँट सामुहिक कृषि फार्म, प्रशंशा बाख्रा तथा पशुपन्छी फर्म, तल्लोथोक बाख्रा फर्म, गणेशहिमाल मनास्लु एग्रो फर्म, ब्रक्षा कृषि तथा पशुपन्छी सामुहिक पन्छी फर्म लगायत फर्महरुको उत्पादन क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक सहयोग गरिनेछ |
- ✓ परम्परागत कृषि प्रणालीलाई उन्नत बनाउन कृषिको ,आधुनिकिकरण व्यावसायिकरण र वैज्ञानिकीरणमा जोड दिइनेछ।
- ✓ गाउँपालिकाका सबै वडाहरुमा फलफूल ,तरकारी तथा वनस्पतिजन्य जडिबुटिहरुको नर्सरी स्थापना गरि कृषकहरुलाई सहज रुपमा विरुवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- ✓ कृषकहरुलाई सहज रुपमा सिजन अनुसारका खाद्यन्न तथा तरकारीका बिउ उपलब्ध गराउन बिउ उतपादन क्षेत्र निर्धारण गरि पालिका स्तरमा बिउ बैंकको स्थापना गर्न आवश्यक प्रक्रिया अघि बढाइनेछ।
- ✓ व्यावसायिक रुपमा सामूहिक तथा सहकारी खेति विस्तारको लागि वांझो वा खेर गएको जग्गामा खेति गर्न प्रोत्साहन गरिनेछ।

- ✓ त्रिपुरासुन्दरीको सान विषदीमुक्त खानपान भन्ने अभियानका साथ रासायनिक मल तथा विषादि प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारीक एवम् जैबिक मल र विषादि उत्पादन तथा प्रयोगमा जोड दिई आकस्मिक बाली संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ✓ कृषिलाई व्यावसायिक एवम् उत्पादनमूलक बनाउन विभिन्न क्षमता विकास तालिमहरुको व्यवस्था गरिनेछ।
- ✓ मौरी र च्याउ खेतिको सम्भाव्यता अध्ययन गरि व्यावसायिक उत्पादनमा जोड दिइनेछ।
- ✓ मौसमी तथा वेमौसमी तरकारी खेतिको लागि चाहिने आधारभूत पूर्वाधारहरु जस्तैः थोपा सिंचाई, स्प्रीङकल,र साना सिंचाई जस्ता प्रविधिहरुको विकास गरी उत्पादित तरकारीको बजारीकरणमा सहकारी संस्थाहरुसंग समन्वय गरिनेछ।
- ✓ व्यावसायिक कृषि उत्पादन तथा बजारीकरणका लागि सहुलियत कृषि कर्जा प्रवाह गर्न सहकारी, बैंक जस्ता वित्तिय संस्थाहरुसंग समन्वय गरि कृषि योगदानको लागि बजेट विनियोजनमा जोड दिइनेछ।
- ✓ कृषि सम्बन्धी जानकारी,सुचना प्रसार,जनचेतना,तथा कृषकका समस्या एवम् गुनासाहरुको समाधान तथा प्राविधिक परामर्शको लागि पालिका स्तरीय **कृषक कल सेन्टरको** व्यवस्था तथा प्रयोगको लागि जोड दिइने छ।
- ✓ त्रिपुरासुन्दरी गा. पा लाई विषादि रहित त्रिपुरासुन्दरी अवधारणा अन्तर्गत विषादि प्रयोगमा न्यूनिकरण तथा सुरक्षित कृषि उत्पादन गर्न विषादि एवम् रासायनिक मलको प्रयोगमा प्राविधिकको सिफारीस गरेर मात्र प्रयोग गर्ने निति ल्याइने छ।
- ✓ कृषि जन्य उत्पादनको विषादि परिक्षण प्रयोगशाला स्थापना गर्न प्रदेश र संघ सरकारसंग आवश्यक पहल गरिनेछ।
- ✓ गाउँपालिका स्तरमा माटो परीक्षण प्रयोगशाला, जल तथा मौसम बिज्ञान संग सम्बन्धित मौसम मापन केन्द्रको स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
- ✓ कृषि पर्यटनलाई प्राथमिकता दिंदै नमुना कृषि गाउँ र बगैचा स्थापनाको नीति अबलम्बन गरिनेछ।
- ✓ जलवायु परिवर्तनसंग अनुकुलन हुने गरि कृषि उत्पादन तथा प्रर्वद्धनमा जोड दिइनेछ।
- ✓ कोभिड -१९ बाट प्रभावित व्यावसायिक किसानहरुको एकिन तथ्याङ्क संकलन गरि व्यावसायिक पुनर्उत्थानमा आवश्यक सहयोग गरिनेछ।
- ✓ घर बगैचा स्थापना तथा अर्गानिक उत्पादनलाई व्यावहारमा ल्याउन गाउँपालिका भित्रका सम्पूर्ण माध्यामिक बिद्यालयहरुलाई कृषि कार्यक्रम संचालनमा उत्प्रेरित गरि आवश्यक सहजीकरण गरिनेछ।
- ✓ कृषि जन्य उत्पादन (फलफूल तरकारी) मार्फत बालबालिका तथा सुत्केरी महिलाको पोषण कार्यक्रमलाई वैज्ञानिक र दीर्घकालीन बनाउन शिक्षा शाखाको दिवा खाजा कार्यक्रम र स्वास्थ्य शाखाको पोषण कार्यक्रमलाई एकीकृत पोषण कार्यक्रम संचालन गरीने नीति लिइनेछ।
- ✓ बाँदर आतंकबाट आक्रान्त किसानहरुको कृषिजन्य उत्पादनमा क्षती न्यूनीकरण गर्न प्रदेश/संघ सरकारसँग समन्वय गरी बाँदर नियन्त्रण गर्न पहल गरिने छ।
- ✓ एक वडा एक पकेट विकास कार्यक्रम लागू गरी गाउँपालिकाको आयस्रोतमा टेवा पुर्याउने कार्यक्रम संचालन गरिनेछ।
- ✓ कफी खेतीका लागि गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा सम्भाव्यता अध्ययन गरि आवश्यक कार्ययोजना निर्माण गरिने छ|

**पशुपालन :**

हाल देशैभरी फैलिइएका लम्पी स्कीन रोगका कारण यस त्रिपुरासुन्दरी गाँउपालिकाको किसानहरू पनि नराम्ररी प्रभावित भएका छन्। उक्त रोग नियन्त्रण लागि चालु आर्थिक वर्षमै पशु खोप कार्यक्रम संचालनमा लेराइएको छ। उक्त रोग दिर्घकालिन रुपमा नियन्त्रणका लागी आगामी आर्थिक वर्ष २०८०/०८१ मा पनि पशु खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ। सँगसँगै वेला वेला आइपर्ने यस्तो प्राकृतिक प्रकोपको कारण पशुपालक किसानहरू मर्कामा पर्ने अवस्थालाई सुधार गर्न यस गाउँपालिका भित्रका

सबै किसानहरु द्वारा पालित सबै पशुको विमाको लागी स्थानीय सरकारले गाउँपालिका भर पशु बिमा कार्यक्रम संचालन गरिनेछ।

" पशुपंक्षी पालनमा मन लगाउँ ,सुनरुपी आम्दानी बढाउ"

- ✓ पशुपंक्षी पालन क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिई आत्मनिर्भरमुखी बनाउन पशुपंक्षी पालन प्रणालीमा रुपान्तरण गर्न जोड दिईने छ|
- ✓ कुखुरा तथा माछा पालन व्यबसायिक बनाउन प्रोत्साहन गरिनेछ|
- ✓ नश्ल सुधार मार्फत पशुपालनमा सहजता ल्याउन आबश्यक कार्यक्रम ल्याइने छ|
- ✓ युवा तथा कृषकहरुलाई व्यावसायिक बनाउन बिशेष सीपमूलक र व्यवसायिक तालीमको व्यबस्था मिलाइने छ|
- ✓ पशु बीमा कार्यक्रमलाई प्रभाबकारी बनाउन पहल गरिनेछ|
- ✓ पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणको न्यूनीकरणमा ध्यान दिईनेछ|
- ✓ कृतिम गर्भधारणको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई विभिन्न उद्देश्य मिल्ने सहकारीहरुसंग सहकार्य गरी आगाडी बढाइने छ |
- ✓ गाउँपालिकाभित्र रहेका साना किसान सहकारी संस्थाहरुलाई साझेदारीमा कार्यक्रम संचालन गर्न संचालन गरिनेछ|
- ✓ स्वच्छ तथा सफा मासु पसल तथा दुग्ध डेरी संचालन प्रबर्धनका लागि आबश्यक नीति बनाई अनुदानको व्यबस्था मिलाइनेछ|
- ✓ बेरोजगार युवाहरुलाई आफ्नो सीप र क्षमताअनुसारको रोजगारमा आकर्षित गर्न पशु शाखा व्यवसायमा आधारित पशुपन्छी पालक उद्यमी व्यबसायी र कृषकहरुलाई उत्पादनमा अनुदानको व्यबस्था मिलाइनेछ|
- ✓ "एक वडा एक पशु प्राबिधिक" को व्यवस्था गरिनेछ।
- ✓ गाउँपालिकाभित्र कम्तिमा एउटा दूध डेरी स्थापना गरी संचालनमा ल्याउन विभिन्न कृषि सहकारी संस्थाहरुसंग आवश्यक समन्वय र साझेदारी गरिनेछ|
- ✓ डाले र भुइँ घाँस उत्पादनमा बिशेष जोड दिईनेछ
- ✓ कृषि तथा पशु मेला प्रदर्शनी र हाट बजार संचालन गर्ने व्यबस्था मिलाइनेछ
- ✓ युवा जनशक्तिलाई नबिनतम माछापालन व्यवसायमा भुरा खरिदका लागि अनुदानको व्यवस्था मिलाईनेछ |

**विधुतीकरण** :

यस गाउँपालिका भित्रको सम्पूर्ण विधुतीकरण कार्यक्रमलाई पूर्णता दिईनेछ। चालु आर्थिक वर्षमा लिइएको नीति तथा कार्यक्रम अनुसार काठको पोलमुक्त गाउँपालिका निर्माण गर्ने अभियानलाई आर्थिक वर्ष ०८०/०८१ मा सम्पन्न गर्ने नीति लिईनेछ | साथै गाउँपालिकाको मुख्य सडक , बढी दुर्घटना हुने क्षेत्र र वडा कार्यालयहरुमा सौर्य सडक बत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ |

## शिक्षा ,युवा तथा खेलकुद :

**"निशुल्क , गुणस्तरीय तथा प्रबिधिमैत्री शिक्षा ,त्रिपुरासुन्दरी गाउँपालिकाको प्रतिबद्दता "**

- ✓ विद्यार्थीसंग गाउँपालिका अध्यक्ष कार्यक्रम संचालन गरिनेछ |

- ✓ सबै शिक्षक तथा कर्मचारीका लागि मासिक तलब, गाउँपालिका अनुदानका आ.वि. र मा बि तहका शिक्षकक, आ.वि. र मा.वि.का शून्य दरबन्दीका शिक्षकका लागि पोशाक र दशैँ खर्च, कार्यालय सहयोगी, माध्यमिक विद्यालयका लेखा कर्मचारीहरु र सामुदायिक सिकाइकेन्द्रका परिचारिकाहरुका लागि दिईदै आएको प्रोत्साहन रकम, प्रसूति सट्टा शिक्षक अनुदानको व्यवस्थामा निरन्तरता दिइनेछ |
- ✓ शिक्षा समितिका पदाधिकारी तथा प्र.अहरुको शैक्षिक भ्रमण तथा अवलोकन, शिक्षकको पेशागत क्षमता विकास र उत्प्रेरणा जगाउने तथा अनुसन्धान बिधि र शिक्षण बिधि सम्बन्धि तालिम ,शिक्षक- बिद्यार्थी निर्मित बिषयगत शैक्षिक सामग्री निर्माण तालिम तथा प्रर्दशन , बालविकास सहजकर्ताहरुको लागि गोष्ठी , विद्यालयका लैङ्गिक फोकल शिक्षकको गोष्ठी , सामुदायिक सिकाई केन्द्रका परिचारिका तथा पदाधिकारीहरु, सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरुको गोष्ठी, बिद्यालय व्यवस्थापन समिति र शि अ संघ पदाधिकारीहरुलाई क्षमता विकास तालिम उपलब्ध गराइने छ |
- ✓ गाउँ शिक्षा ऐन तथा गाउँ शिक्षा योजना निर्माण , शिक्षा समितिको सहभागितामा :स्थानीय तहको शिक्षा सम्बन्धी २३ ओटा क्षेत्रअधिकारमा आधारित कार्य बिधि बनाई कार्यक्रम लागु गरिनेछ |
- ✓ + २ मा गणित , कम्प्युटर विज्ञान तथा विज्ञान विषयका कक्षा संचालन गर्ने बिद्यालयलाई प्रोत्साहन रकम उपलब्ध गराईनेछ |
- ✓ "एक माध्यमिक बिद्यालय , एक गणित प्रयोगशाला" कार्यक्रम अन्तर्गत ११ ओटै मा बि मा गणित प्रयोगशाला स्थापना गरिने छ |
- ✓ कक्षा ५ र ८ को व्यवस्थापन , बिद्यालय तथा कक्षाको नियमित अनुगमन र मूल्याङ्कन तथा कक्षा अवलोकन गरि पृष्ठपोषण प्रदान गरिनेछ |
- ✓ कक्षा १ ,२ र ३ को सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख पुस्तिका, "एक शिक्षक- एक शैक्षिक योजना डायरी" र "एक बिद्यार्थी - एक लग बुक" को व्यवस्थापन गरिनेछ ||
- ✓ कक्षा ११-१२ मा पालिका अनुदान मार्फत पूर्ण निशुल्क शिक्षा र तथा स्नातक तहमा गरिब तथा आवस्यकताको आधारमा कार्यविधि बनाई लक्षित समुहलाई निशुल्क शिक्षाको व्यवस्थापन गरिनेछ ||
- ✓ विद्यार्थी सिकाइ उपलब्धि विश्लेषण गरि उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिने छ | विद्यालयमा उच्चस्तरीय नतिजा हासिल गर्ने गरिव, दलित, अपाङ्ग छात्राहरुलाई पुरस्कृत गरिने छ । टुहुरा वालवालिका तथा जोखिममा रहेका वालवालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम ल्याइने छ |
- ✓ खाली भएका राहत, करार, अनुदान शिक्षक नियुक्ति पालिकाले नै बिज्ञापन गरि खर्च पनि पालिकाले नै व्यहोर्ने छ |
- ✓ सुन्दरी मा.वि. बाली विज्ञान तथा कार्किगाउँ प्राविधिक विद्यालयलाई प्रोत्साहन स्वरूप पालिका अनुदानको व्यवस्थापन, प्राविधिक धारमा अध्ययन गर्ने विध्यार्थीलाई समुदायमा कृषि तथा पशु सेवामा क्रियाकलापमा संलग्न गरे बापत प्रोत्साहनको व्यवस्था गरिने छ|
- ✓ स्थानीय पाठयक्रम अनुसार पाठ्यपुस्तक / शिक्षक निर्देशिका लेखन तथा छपाई गरि वितरण गरिनेछ |
- ✓ आ. ब.२०८० बाट लागु हुने गरि करार, राहत र निजिश्रोतका शिक्षकका संचित बिरामी बिदा वापतको ५० प्रतिशत रकमको व्यवस्थापन गरिनेछ |
- ✓ काठमाडौँ बिश्वबिध्यालयसंगको साझेदारीमा शिक्षक बिद्यार्थी क्षमता बिकासको लागि STEAM प्रोजेक्ट संचालन गरिनेछ |

- ✓ विद्यालय शिक्षालाई वालमैत्री, प्रतिष्ठित, श्रृजनशील, सहज र सुलभ वनाइनुका साथै प्रत्येक विद्यालयमा हरेक शुक्रबार बुक फ्री डे  लागु गरि परियोजना कार्य, प्रयोगात्मक कार्य तथा प्राविधिक विषयमा अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ ।
- ✓ गाउँपालिका भित्रका विद्यालयहरुको नक्शाङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकिकरण, कक्षा घटुवा तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।
- ✓ विद्यालयका सम्पूर्ण शिक्षकहरु वर्षमा कम्तिमा एक पटक अभिभावकहरुको घरदैलोमा पुग्ने नीति अवलम्बन गरिने छ। अभिभावक शिक्षा कार्यक्रमलाई व्यवस्थित गरिनेछ । विद्यार्थी तथा शिक्षक प्रतिभा पहिचान कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।
- ✓ प्रारम्भिक बालविकास कक्षा तथा वालस्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजिकरण गरिनेछ । वालविकासको विहानीको रुपमा रहेको वाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकासमा जोड दिइने छ । इ सि डी बालबालिकाको बाल अध्ययन सामग्री तथा  बाल उद्यान सामग्री   व्यवस्थापन गरिनेछ |
- ✓ संस्थागत विद्यालयहरुको नियमित अनुगमन, निरीक्षण र नियमनलाई निरन्तरता दिइने छ  र तालिममा  सहभागिता गराईनेछ |
- ✓ सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय वनाउन  खुल्ला सार्वजनिक सुनुवाई, शैक्षिक सरोकारवालाहरुसँग आवश्यक परामर्श तथा बालबालिकाहरुको वास्तविक समस्या पहिचान गर्न र उनीहरुको आवाजलाई जनप्रतिनिधिसम्म पुर्याउन आवश्यक  "बिद्यार्थी संग जनप्रतिनिधि" कार्यक्रम तय गरिनेछ ।
- ✓ आफ्नो पालिका भित्रको कर्मचारी तथा नागरिकको लागि  एम  फिल तथा  विद्यावारिधी गरिरहेका वा गर्न चाहेका शिक्षक तथा एम बि बि एस पढ्ने विद्यार्थीहरुलाई प्रोत्साहन स्वोरुप अनुदान उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।
- ✓ युवाहरुलाई लक्षित गरी वडा स्तरमा भैरहेका युवा तथा खेलकुद विकास समितिलाई थप सक्रिय बनाउँदै गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरी युवा सशक्तिकरण र खेलकूदलाई प्रबर्दन गरिनेछ । विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउन खेलकुदका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ शिल्ड  तथा अध्यक्ष कप खेलकुद कार्यक्रमको खर्च पालिकाबाट नै  व्यवस्थापन गर्नेछ |
- ✓ स्वास्थ्य, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रवर्द्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ भने सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नति गर्ने नीति लिइनेछ ।
- ✓ कक्षा ११ र १२ तथा स्नातक तह अध्ययन पुरा गरि बेरोजगारी बसेकाहरुको तथ्यांक लिने र  "हाम्रा युवा हामी संगै" नारा संगै  युवाहरुलाई रोजगारीमा जोड्नका लागि युवा स्वरोजगार समिति गठन गरि समिति मार्फत रोजगारी सिर्जनाका अवसरहरुको पहिचान गर्दै साझेदार सस्थाहरु संगको हातेमालोमा आ.व. २०८०/०८१  मा कम्तिमा थप १ ०० जना युवालाई विभिन्न किसिमका सिपमुलक तालिम प्रदान गरि दक्षता सहित रोजगारीमा जोडिनेछ ।
- ✓ शिक्षा शाखाको आफ्नै सूचना सम्प्रेषण केन्द्रको  व्यवस्थापन hotline सेवा हुनेछ |  बिद्यालय नर्सको कार्यलाई प्रभावाकारी बनाउने र स्वास्थ्य केन्द्र बाट प्राप्त औषधी व्यवस्थापनमा ध्यान दिईनेछ |
- ✓ शैक्षिक सत्र २०८१ बाट कर्मचारी तथा जनप्रतिनिधिहरुको बालबालिका सरकारी बिद्यालयमा पढाउने कार्यलाई प्रोत्साहन  गरिनेछ |

- ✓ शिक्षकहरुलाई शिक्षण कार्य सुधार र अनुभव साटासाट गर्न आन्तरिक सरुवाको व्यवस्था र सबै विध्यालयमा खुला प्रतिस्पर्धाको आधारमा तहगत योग्यता र शिक्षा ऐनको आधारमा प्र अ छनौटको नीति अवलम्वन गरिनेछ |
- ✓ अंग्रेजी माध्यममा शिक्षण गर्न चाहने बिध्यालयले पालिकाले तयार गरेको अंग्रेजी माध्यमको पुस्तक प्रयोग गर्ने व्यवस्था मिलाईने छ |
- ✓ कार्यमूलक अनुसन्धान सबै तहका शिक्षकहरुले गर्नुपर्ने र सो को प्रतिवेदन शिक्षा शाखामा पेस गर्नुपर्ने व्यवस्था मिलाईने छ |
- ✓ माध्यमिक विद्यालयहरुमा संचालनमा लेराएको वेबसाइट तथा मोबाइल ऐप्स कार्यक्रमलाई निरन्तरता दिईनेछ|

<u>स्वास्थ्य :</u>

- ✓ आधारभूत स्वास्थ्यसेवालाई निशुल्क सर्वसुलभ र गुणस्तरीय बनाइने छ |
- ✓ स्वास्थ्य संस्थाहरुको सेवा परवाहलाई थप प्रभावकारी बनाउन न्युनतम सेवा मापदण्डलाइ उच्च प्राथमिकताका साथ लागु गरिने छ ।
- ✓ **"स्वास्थ्य सुरक्षाको लागि बिमा "** भन्ने नाराका साथ स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी ढंग बाट संचालन र बिस्तार गरिने छ ।
- ✓ आत्महत्याको बढ्दो दरलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श स्वास्थ्य सेवाको बिस्तार र प्रबर्धन गर्दै लगिने छ |
- ✓ नियमित खोप तथा सरसफाई कार्यक्रमलाई प्रबर्धन गर्दै खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।
- ✓ बालबालिका तथा किशोर किशोरीहरुमा बढ्दै गइरहेको कुपोषणको दरलाई न्यूनीकरण गर्न कार्यक्रमको अबधारणा विकास गरी संचालन गरिने छ | साथै ग्रोथ मोनिटरिङ सपोर्ट प्रोग्राम लाई निरन्तरता दिइनेछ ।
- ✓ स्वास्थ्य आपत्काल,महामारिजन्य तथा कीटजन्यरोगहरुको रोकथाम, नियन्त्रण, पूर्व तयारी र प्रतिकर्यकोलागि पालिका तथा वडा स्तरमा निगरानी र ब्यबस्थापन प्रणालीलाई सुदृढीकरण गर्दै लगिने छ ।
- ✓ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी तथा जेस्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई उच्च प्राथमिकताका साथ संचालन गरिने छ ।
- ✓ **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** नारा सहित नसर्ने, दीर्घ रोगहरुको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गरिने छ |
- ✓ महिलाको प्रजनन स्वास्थ्यलाइ विशेष प्राथमिकता राखी मातृ तथा बालस्वास्थ्य सेवालाई थप सुदृढ बनाइने छ ।
- ✓ महिलाहरुको पाठेघरको मुखको क्यान्सर,स्थन क्यान्सर र आङ् खस्ने लगायत समस्याहरुको पहिचानका लागि स्क्रिनिङ क्याम्प संचालन गरिने छ |
- ✓ स्वास्थ्य जनशक्तिको ब्यबस्थापनमा विशेष ध्यान दिईने छ ।
- ✓ स्वास्थ्य सेवामा सबैको पहुँचका लागि टेलिमेडिसिन ( TELEMEDICENE) सेवाको सुरुवात गरिने छ ।
- ✓ सल्यानटार PHC लाई १५ शैयाको सल्यानटार अस्पताल मा रुपान्तरण गरी सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन आबस्यक जनशक्ति र औजार उपकरणको व्यवस्था मिलाइने छ ।
- ✓ HIV/AIDSसंक्रमित व्यक्तिहरुलाई यातायात खर्च बापत नदोहोरिने गरि एकपटकका लागि रु १०,००० दिइनेछ |
- ✓ पार्किङसन्स सहित आठ प्रकारका सम्बेदनशील रोग लागेका नागरिकहरुलाई राज्यबाट सुबिधा लिएकाको हकमा एकपटक र गरिव तथा राज्यको सुबिधाबाट बन्चित नागरिकको हकमा नदोहोरिने गरि एक पटकका लागि रु १०००० आर्थिक सहयोग दिईनेछ |

- ✓ त्रिपुरासुन्दरी गाउँपालिकाको नागरिकलाई आवश्यक पर्ने रगत तथा रक्त तत्व र प्राथमिक उपचार तथा विपद व्यबस्थापन तालिम नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा संचालन गरिने छ |
- ✓ आकस्मिक दुर्घटनामा परेका घाइतेलाई उद्दार गर्न उपाध्यक्ष उद्दार कार्यक्रम संचालन गरिनेछ |
- ✓ गाउँपालिकास्तरीय शव वाहन खरिद गरी संचालनमा ल्यानेछ |

<u>संस्थागत विकास सेवा प्रवाह , सुशासन र सूचना प्रबिधि :</u>

”जनप्रतिनिधिहरु शासक नभई सेवक भई सेवा प्रवाह गरिनेछ“

- गाउँपालिकाको डाईनामिक डिजिटल भिलेज प्रोफाईल(गाउँ पार्श्वचित्र) र पारिवारिक लगत संकलनका लागि फेमली फोल्डर निर्माण गरिनेछ |
- आगामी आ.व २०८०/०८१ देखि वडास्तरीय तथा गाउँपालिकास्तरीय योजना/कार्यक्रमहरुको सम्झौता तथा भुक्तानी सम्बन्धित वडाबाट नै गर्ने गरी आवश्यक व्यबस्था मिलाइनेछ |
- गाउँपालिका र मातहातका कार्यालयहरुबाट भएको सेवा प्रवाहको बारेमा आम सेवाग्राहीको मत संकलनका लागि गाउँपालिकाको मुख्य गेटमा ऐक्जीट पोलको(Exit Pole) व्यबस्था गरिनेछ |
- सवै प्रकारका सेवा सुविधालाई वैज्ञानिकरण गरी प्रभावकारी बनाइ जनतलाई सुलव तरिकाले सेवा दिइनेछ |
- धार्मिक , सांस्कृतिक र प्राकृतिक सम्पदाहरुलाई समेट्ने गरी गाउँपालिकाको पर्यटन प्रबर्धनमा सहयोग पुग्ने गरी वृत चित्र निर्माण गरिनेछ |
- सेवा प्रवाहलाई गुणस्तर बनाउनका लागि सवै वडामा रहेका अनलाईन प्रणालीलाई अझ भरपर्दो र गुणस्तरीय बनाइने छ |
- |गाउँपालिकाको विकास निर्माण ,सुशासन,सेवा प्रवाह ,सामाजिक चेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडिया हाउसहरुलाई वार्षिक रुपमा पुरस्कृत र सम्मान गरिनेछ |
- गाउँपालिका क्षेत्रभित्रको संचार सेवाको गुणस्तर बढाउन सूचना प्रबिधि शाखा मार्फत अनुगमन र नियमनको व्यबस्था मिलाइनेछ |
- स्थानीय तथ्यांक व्यबस्थापनलाई चुस्त दुरुस्त राखिनेछ |
- प्रत्येक शाखा/इकाईहरुको कर्मचारीहरुको कार्यसम्पादनमा गुणस्तरीय सुधार ल्याउन ,तद अनुकुलका पेशागत विकासका कार्यक्रमहरुदक्षता, अभिवृद्धिका लागि तालिम प्रशिक्षण तथा अभिमुखीकरणका कार्यक्रमहरु संचालन गरिनेछ दक्ष | कर्मचारीहरुबाट मात्र परिणाममुखी नतिजा निकाल्न सकिन्छ भन्ने विश्वास रहिआएको छ |

- कार्यालयभित्रका जिन्सी सामानहरुको खरिद प्रक्रियालाई पारदर्शी मितव्ययी, र जवाफदेहिता कायम गर्नका लागि सार्वजनिक खरिद ऐन बमोजिम वार्षिक खरिद योजना बनाइ लागू गरिनेछ |
- आवश्यकता अनुसार टोल विकास संस्था, महिला समूह कृषक, समूह बाल, क्लब सामुदायिक, मेलमिलापकर्ताहरुलाई विभिन्न तालिम प्रक्षिशण तथा अभिमुखीकरण गरिनेछ |
- कार्यपालिका तथा वडा सदस्यहरुलाई स्थानीय शासन सम्बन्धि नीति कानून, सम्बन्धि योजना तर्जुमा सम्बन्धि क्षमता अभिवृद्धि, न्यायीक समिति अनुगमन, समितिको सचिवालय निर्माण सहित क्षमता अभिवृद्धि, बिषयगत समिति /उपसमिति/सामुदायिक संस्थाहरुलाई पनि आवश्यकता अनुसारको पहिचान गर्दै क्षमता विकास का विभिन्न कार्यक्रमहरुसंचालन गरिनेछ |
- पालिकाबाट दिइने हरेक किसिमका सहुलियत अनुदान सहयोगका लागि कार्यविधि तथा मापदण्डको व्यबस्था गरी तिनको अनुशरण गरिनेछ तदर्थबादम |दिइने सेवा सुबिधा तथा सहुलियतलाई पूर्ण रुपमा निषेध गरिनेछ |
- सूचना प्रबिधि तथा सुशासन क्षेत्रको विकासले तथ्याङक संकलन तथा अभिलेख व्यवस्थापन हुँदै व्यक्तिगत घटनादर्ता , तथा सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारिता तथा पारदर्शिता बढ्न गई समाजमा सुरक्षाको अनुभूती र स्थानीय सरकारले लिएको भ्रस्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिले आम नागरिकहरुमा जवाफदेहिता र पारदर्शिताको महशुस हुनेछ |

- गाउँपालिकाबाट सम्पादन हुने सेवाप्रवाहविकास, निर्माण तथा सार्वजनिक सरोकारका बिषयहरुमा नागरिकहरुसंग निरन्तर सम्पर्कमा रही गुनासो तथा सुझाबहरु संकलनका लागि गाउँपालिकामा २४ सै घण्टा संचालन हुने गरी हटलाइन टेलिफोन सेवा संचालन ल्याई सेवा प्रवाह गरिनेछ|
- गाउँपलिकाको पहिलो आर्थिक वर्षको उपलब्धि र भावी योजना समेट्ने गरी आधुनिक विकासका सम्भावना साथै पर्यटन प्रबर्धनमा टेवा पुग्ने गरी वृतचित्र निर्माण गरी दस्तावेजीकरण गरिनेछ |
- बढी जनघनत्व भएको क्षेत्र त्रिपुरासुन्दरी गाउँपालिकाको वडा नं १ र २ को मुख्य सडक गल्छीना—कोषढुंगा-पानीट्यांकी-खोल्सी-बगैंचा-सित्तलबजार-सिक्टार सडक खण्डको दायाँ र वायाँ सडक बत्ति साथै सी.सी क्यामेरा जडान गरी ईलाका प्रहरी कार्यालय सल्यानटारबाट निगरानीको व्यबस्था गरिनेछ |
- त्रिपुरासुन्दरी स्थायी ठेगाना भएर विदेशमा रहनुभएको नागरिकहरुलाई गाउँपालिकाको विकासमा गोलबन्ध गर्नका लागि "**त्रिपुरासुन्दरी अन्तरराष्ट्रिय विकास समाज**" गठन गरिने छ |
- योजना/कार्यक्रमको सम्झौता प्रक्रियामा कर्मचारी र सेवाग्राहीलाई हुने ढिला सुस्ती र एक क्लिकमा सम्पूर्ण रिपोर्ट हेर्न मिल्ने साथै कर्मचारी र सेवाग्राहीवीचको दूरी कम गर्नका लागि यस आ व. ०८०/८१ मा पनि यस प्रणालीलाई निरन्तरता दिईदै योजना संचालन तथा अभिलेख व्यबस्थापन सफ्टवेयरलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ|
- गाउँपालिका लगायत ७ वटै वडा कार्यालयहरुमा डिजिटल सोधपुछ कक्ष डिजिटल नागरिक, डिजिटल सूचना पाटीं , गाउँपालिका)बडापत्रको व्यबस्थापन गरिनेछ । सेवाग्राहीहरुको बाक्लो उपस्थित हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा स्वास्थ्य, प्रतीक्षालय, वडा कार्यालय, चौकीमा निशुल्क इन्टरनेट सेवा( (FREE WIFI) क्रमश बिस्तार गर्दै लैजाने नीति लिईनेछ |

- गाउँपालिकाको कार्यालय र अन्तर्गतका शाखाहरुमा गतिबिधिहरुको निगरानी तथा पारदर्शिता कायम गर्न सी क्यामरा .सी. जडानलाई मर्मत सम्भार गरी कार्यालयबाट भए गरेका सेवाप्रवाहलाई गाउँपालिकाको कार्यालयबाट निगरानीको गर्न मिल्ने व्यबस्था मिलाइनेछ|
- सामजिक सुरक्षा भत्तालाई बास्तविक लाभग्राहीको हातमा पु~याउन र पारदर्शिता कायम गर्ने उद्वेश्यले सामाजिक सुरक्षा भत्तालाई बैंकिङ् प्रणालीमार्फत भुक्तानी गर्ने व्यबस्था निरन्तरता दिइने छ |
- सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रणालीमा लगिनेछ|जसका लागि वडामा कार्यरत कर्मचारीहरुलाई सूचना तथा संचार प्रबिधिसम्बन्धी तालीमको समेत व्यबस्था मिलाईनेछ|
- गाउँपालिका र वडा तहका सूचनाहरुलाई वेबसाइटमार्फत प्रकाशन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ|
- गाउँपालिका तथा वडा तहमा पनि नागरिकहरुले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्रको बिकास गरिनेछ |
- आवधिक रुपमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ | प्रत्येक आर्थिक वर्षको बजेट ,नीति तथा कार्यक्रम निर्माण गर्दा त्रिपुरासुन्दरी निवासी प्रबुद्ध व्यक्तिहरुवाट राय सल्लाह सुझाव ग्रहण गर्ने कार्यलाई प्रभावकारी बनाउँदै गाउँपालिकाको सर्वाङगिण विकासमा सवै त्रिपुरासुन्दरीबासीको अपनत्व हुने खालको नीति लिइनेछ |
- गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाह ,उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट सम्पादन हुने विकास निर्माण कार्यको प्रभावकारी रुपमा सार्बजनिक परीक्षण तथा सार्बजनिक सुनुवाईजस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ|
- यस गाउँपालिकाले लिएको भ्रस्टाचार बिरुद्ध शून्य सहनशीलताको नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ|
- यस गाउँपालिकालाई पेश्की रहित र बेरुजुमुक्त गाउँपालिका वनाउनका निमित्त बेरुजु फछर्यौटलाई उच्च प्राथमिकतामा राखिनेछ |
- बागमती प्रदेश भित्रका स्थानीय तहहरुको प्रबक्ता र सूचना अधिकारीहरुको सम्मेलन आयोजना गरिनेछ |
- गाउँपालिकाभित्रका कार्यालयहरुबाट दिईने नागरिक सेवाप्रवाहलाई को नीति अवलम्बन " हाँसेर सेवा गरौँ, रहरले काम गरौ" | गरिनेछ
- स्थानीय तह खरिद ऐन तथा नियमावलीवमेजिम सार्वजनिक खरिद कार्यलाई व्यवस्थित मितव्ययी र उत्तरदायी, पारदर्शी, |बनाइनेछ
- सगठन तथा व्यवस्थापन सर्वेक्षण O&M योजना निर्माण गरी करार जनशक्ति व्यबस्थापनसम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|
- जनप्रतिनिधि र कर्मचारीहरुलाई सूचना प्रबिधि सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिन्छ |
- व्यक्तिगतनीतिगत,संस्थागत, वा सामाजिक रुपमा हुने कुनै पनि भ्रस्टाचार प्रवृतिका विरुद्ध र भ्रस्टाचार मुक्त स्थानीय सरकार र समाज निर्माणका लागि सम्पूर्ण जनप्रतिनिधि राष्ट्रसेवक, कर्मचारी र नागरिकहरु समाजलाई परिचालित गरिनेछ |
- योजना अनुगमन समितिमा तेस्रो पक्ष प्राबिधिकबाट निष्पक्ष गुणस्तरीय मापनका लागि प्राबिधिकको व्यबस्था मिलाइने छ |
- गाउँपालिका र वडाहरुमा योजना तर्जुमा गर्दा बजेट विनियोजन पूर्व प्राबिधिकको इस्टिमेटको आधारमा मात्र बजेट विनियोजन गरिने कार्यलाई प्राथमिकता दिइनेछ |
- आगामी आ.व २०८०/०८१ मा सवै वडा कार्यालय, सामुदायिक विद्यालय,स्वास्थ्य संस्थाहरुलाई उच्च क्षमताको ब्याण्डविथसहित अप्टिकल फाइवर कनेक्टिभिटिबाट जोडिनेछ |

**महिला ,बालबालिका, जेष्ठ नागरिक ,अपाङ्गता :**

- ✓ जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुका लागि सामाजिक सुरक्षा कार्यक्रम प्रचलित कानून बमोजिम संचालन र व्यबस्थापन गरिनेछ |
- ✓ जेष्ठ नागरिक ,अपांगता तथा असाहय व्यक्तिहरुको लगत अद्यावधिक परिचयपत्र र सुबिधाहरुको व्यबस्थापन र वितरण गरिनेछ |
- ✓ जेष्ठ नागरिक भेटघाट स्थल तथा जेष्ठ नागरिक क्लव गठन गरि नागरिक कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ अनाथ,असहाय, अशक्त र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरि उनीहरुको जीविकोपार्जनमा सहायता पुर्याउने निति लिइनेछ ।
- ✓ समावेशी नीति  कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यान्वयन गरी समावेशी अनुगमन र मुल्याङ्कन प्रणालीलाई अवलम्वन गर्ने निति लिईनेछ ।
- ✓ आर्थिक अवस्था न्यून भएका विपन्न दलित र सिमान्तकृत समुदायलाई लक्षित गरी क्षमता विकास र आयमुलक कार्यक्रम सञ्चालन गर्नुको साथै कार्यक्रम पश्चात व्यवसाय सञ्चालन गर्ने कार्यमा निरन्तर समन्वय गरिनेछ ।
- ✓ एकल महिलाहरुलाई शसक्तिकरण गर्न विभिन्न आयमूलक कार्यक्रम एवं सामाजिक सञ्जालका विकृति सम्वन्धी सचेतनामुलक तालिम एवं मनोपरामर्शका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ बालबालिकाको अधिकार सुनिश्चितताको लागि गाउँपालिका स्तरको बालअधिकार निति तर्जुमा गरि बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन र प्रवर्द्धनमा जोड दिइनेछ ।
- ✓ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण मार्फत गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागि गाउँपालिकाको निति निर्माण संस्थागत विकास र सुशासन आदि क्षेत्रमा लैङ्गिक , समानता तथा सामाजिक समावेशिकरणको संलग्नता सुनिश्चितता गरिने निति ल्याइनेछ ।
- ✓ सामाजिकव ,बाल विवाह :सांस्कृतिक तथा धार्मिक कुसंस्कारहरु जस्तै,हुविवाह चेलिवेटी,महिला हिंसा,जातीय विभेदहरु, गरिनेछ ।

- ✓ दलितजनजातिहरुको लागि जनचेतनामूलमक कार्यक्रम ल्याईनेछ । ,
- ✓ विभिन्न दिवसिय कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- ✓ लक्षित वर्गका महिलाहरुको लागि विभिन्न सिपमूलक तालिम सञ्चालन गरिनेछ ।
- ✓ प्रत्येक वडामा महिलाहरुको आय आर्जनमा वृद्धि गर्नको लागि नर्सरी तथा फुल उत्पादन सम्वन्धि तालिम दिईनेछ ।
- ✓ सिपमुलक रोजगारमुलक ततहा आयमुलक कार्यक्रम संचालनमा जोड दिदै नयाँ बनाउने भौतिक संरचनाहरुमा अपाङ्गमैत्री बनाउने नीति लिइनेछ |
- ✓ अपाङ्गता सम्बन्धि कार्यविधिलाई आवश्यकता बमोजिम संशोधन गरिनेछ |
- ✓ जेष्ठ नागरिकहरुलाई स्वास्थ्य परिक्षण सहितको सम्मान कार्यक्रम गरिनेछ |

**युवा तथा स्वरोजगार :**

- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई  थप प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरि रोजगारीको प्रबर्धन र भौतिक पुर्बाधारको समेत

विकास गरिनेछ। त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवा केन्द्र मार्फत श्रमिकको आपूर्ति गरिनेछ। यस्तो साझेदारीमा आवश्यक कार्यबिधि बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामाग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट प्रदान गरिनेछ।

- ✓ स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक योजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभूतिमा जोड दिइनेछ।
- ✓ संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा बृद्धि गर्न स्थानीय तहले आवश्यक सहयोग प्रदान गरिनेछ।
- ✓ बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्बीकृत र पुनः श्रम स्बीकृतको कार्यलाई सहजीकरण गरिनेछ।
- ✓ स्थानीय तहभित्र रहेका उधोग प्रतिष्ठान र रोजगारदाताको सूची तयार गरिने, सरकारी, गैरसरकारी निकाय वा संघ सस्था तथा अन्य निकायबाट सृर्जना हुन्सक्ने रोजगार सम्बन्धी सुचनाको आंकलन गरिने साथै रोजगारको सम्भाव्यताको विश्लेषण गरि रोजगारको क्षेत्र तथा अवसरहरुको नक्सांकन र अभिलेखांकन गरिदै लगिनेछ।
- ✓ रोजगार संबाद मन्च संचालन साथै स्थानीय रोजगार रणनीति तर्जुमा,अध्याबधिक,कार्यान्बियन गर्दै लगिनेछ।
- ✓ कृषि, लघु उद्यम र महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा संग समन्वय तथा सहकार्य गरि दक्ष तथा सक्षम जनशक्तिको विकाश गरि आन्तरिक रोजगारीको प्रबर्दन गर्न आवश्यक सिप पहिचान गरि बेरोजगार ब्यक्तिलाइ तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।
- ✓ आन्तरिक रोजगारी सृर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसंग सहकारी र समन्वयमा जोड दिइनेछ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ।
- ✓ लघु उद्यम विकास कार्यक्रमलाई वडा नं ३,४ र ६ मा विस्तार गरिनेछ |
- ✓ विगतका आ.वहरुमा सृजना गरको उद्यमीहरुको अनुगमन गरी आवश्यकताको आधारमा तालिम र प्रबिधि हस्तान्तरण गरिनेछ |
- ✓ गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुमा युवा सहभागितालाई जोड दिईनेछ|

**<u>सहकारी :</u>**

- ✓ सहकारी तथा वित्तिय क्षेत्रहरुसंगको समन्वय र सहकार्यको नीति लिईनेछ। गाउँपालिकाभित्र संचालनमा रहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादनमूलक क्रियाकलापहरुसंग जोड्न अभिप्रेरित गरिनेछ| **“गाउँमा सहकारी घरमा भकारी"** भन्ने नारालाई आधार मानेर पालिकाभित्रका सवै नागरिकहरुलाई सहकारीमा आवद्ध गराउन प्रोत्साहन गरिनेछ |
- ✓ सहकारीहरुलाई अनुगमन र नियमन गर्नका लागि गाउँपालिकामा छुट्टै सहकारी हेर्ने शाखाको व्यबस्थापन गरिनेछ |
- ✓ पशु तथा कृषि उत्पादनसंग सरोकार राख्ने सहकारीका कार्यक्रमहरुमा गाउँपालिकाले ३०% सम्म साझेदारी गर्ने नीति लिईनेछ |
- ✓ साना किसान तथा अन्य कृषि सहकारी संस्थाहरुसंग कृषि र पशुपालनको क्षेत्रमा साझेदारीको नीति लिईनेछ |

<u>वन, वाताबरण तथा विपद ब्यबस्थापन:</u>

वातावरण ,दिगो विकासका लागि"संरक्षण"

वन तथा भूसंरक्षण : वातावरण संरक्षण तथा जलाधार संरक्षण,

- विपद व्यबस्थापन अन्तर्गत सम्भावित बिपद्लाई आंकलन गर्दै त्यसको पुर्व तयारी र हुनसक्ने बिपद्लई न्युनिकरण गर्न दक्ष जनशक्ति उत्पादन ,आवश्यक साधन स्रोतको भण्डारणको व्यबस्था गरिनेछ |
- प्राप्त मत वरावरको वृक्षारोपण कार्यक्रमलई निरन्तरता दिइनेछ |
- गाउँपालिकाको आधा भन्दा बढी भूभाग ढाकेको बनक्षेत्रको संरक्षण सम्बर्धन, व्यबस्थापनको कार्यमा सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालयसंग समन्वय र साझेदारी गरिनेछ|
- सामुदायिक वन उपभोक्ता समुहहरुसंग समन्वय गरी गैरकाष्ठ वन पैदावारको उत्पादन तथा अन्य हरित उद्यमशिलाताका गतिविधिलाई प्रोत्षाहित गरिनेछ | पटकेघारीमा भएको बेलघारीबाट बेलपत्र संकलन गरी पशुपतिनाथ तथा अन्य धार्मिक पिठ हरुमा पठाउनका लागि पहल गरिनेछ |
- पालिका स्तरीय नर्सरी स्थापना गरी उत्पादित बेर्नालाई सडक किनारा र अन्य खुला स्थानमा वृक्षरोपण गर्ने कार्यलाई प्राथमिकता राखी कार्यान्वयन गरिनेछ नर्सरी| संचालनलाई आफैं दिगो रुपमा संचालन गर्न बिधि अपनाइनेछ|
- खानेपानीका मुहानक्षेत्रहरुलाईपानी " मुहान संरक्षण क्षेत्र घोषणागरी" सोहि अनुरुप संरक्षणका कार्यहरु गरिनेछ |
- पालिकाभित्रका भएका रानीपोखरी),कर्नेलपोखरी,सुनपोखरी,भण्डारेपोखरी,अग्रौतामजे ( पोखरी लगायत सबै नयाँ पुराना, पोखरीहरुको संरक्षण जलाधार, व्यव्स्थापन तथा वन्यजन्तुसंरक्षणकाउद्देश्यले समेत पोखरीहरु निर्माण गरिनेछ |
- पहिरो भूक्षय नदि कटान वा अन्य विपद जोखिमयुक्त स्थान क्षेत्रहरुको पहिचान गरी विपद व्यबस्थापन गुरुयोजना बनाइनेछ|
- पालिका र वडास्तरीय विपद व्यबस्थापन समितिहरु गठन गरी विपद आकष्मिकघटना, वा महामारीको बेला तिनको परिचालन गरिनेछ र पालिका स्तरमा आपतकालीन उद्दार कार्यदलको व्यबस्था गरिनेछ |
- काष्टेखोला मन्पांग खोला आन्खु, खोला लपांग खोला खहरे, खोला ह्यापिंगे, खोला र ,गणेशखोला,बुढीगण्डकी नदि लगायतबाटभएका नदि कटान क्षेत्रहरुमा तटबन्धन र बाँस रोपणका कार्यहरु गरिनेछन|
- बाढी पहिरो आगलागी तथा अन्य विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई पालिकाबाट तत्काल राहत उपलब्ध गराइनेछ|
- प्राकृतिक विपद तथा आकष्मिक घटनाका बारेमा तत्काल उद्दार तथा राहत वितरण गर्न नेपाल रेडक्रस सोसाइटी ,उद्योग बाणिज्य संघ लगायत अन्य संघ संस्थासंग आवश्यक साझेदारी गरिनेछ |
- परम्परागत चुल्होबाट खाना पकाउन बाध्य आमा , दिदीबहिनीहरुको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने घरभित्रको धुवाँलाई न्यूनीकरण गर्नका लागि आधुनिक सुधारिएको चुलो बायोग्यास जडानमा आबश्यक अनुदान दिंदै बैकल्पिक उर्जा , |प्रबर्धनलाई बिशेष प्राथमिकतामा राखिनेछ
- आपतकालीन उद्दार तथा राहत सामाग्री संकलन केन्द्र निर्माण गरी संचालन गरिनेछ|
- नेपाल सरकारद्वारा स्वीकृत वाताबरणमैत्री स्थानीय शासन अवधाराणा(EFLG) र बाल मैत्री स्थानीय शासन (CFLG) अनुरुप बाताबरण मैत्री र वालमैत्री संरचनागत विकास निर्माणमा विशेष जोड दिइनेछ|

- भूपहिरो रोकथाम,क्षयलगायत बाढी-का निम्ति हरेक योजनाको कूल लागतको १ %प्रतिशत रकम बायो इन्जिनियरिङमा- खर्च गर्नुपर्ने प्राबधानलाईविशेष नीति बनाई कार्यन्वयनमा जोड दिइनेछ|
- त्रिपुरासुन्दरी गाउँपालिकाअन्तर्गत वातावरण प्रदुषण जलवायु परिबर्तन आदिसंग सम्बन्धित अध्ययन तथा, | अनुसन्धानकर्तालाई प्रोत्साहनका लागि अनुदानको व्यवस्था गरिनेछ
- नदी खोलाबाट कटान भएका उर्वर जमिनहरु जस्तै ह्यापिंगेखोला मदने खोला गणेशखोला, बगुवाखोला, कास्टेखोला, |र लपांङखोलामा तटबन्दनका लागि योजना बनाइनेछ
- विपद जोखिम सम्बेदनशील भूउपयोग योजना निर्माण गरिनेछ साथै विपद जोखिम क्षेत्र पहिचान गरी नक्सांकन गरिने छ |
- आपतकालिन उद्दारका लागि आवश्यक सामाग्री बारुणयन्त्र शव बाहन परिचालनका लागि राज्यका सबै तहसंग, | आवश्यक समन्वय र सहकार्य गरिनेछ
- प्रत्येक वडामा फन पार्क निर्माण गरिनेछ |
- गाउँपालिका क्षेत्रभित्रका मूल सडक छेऊमा वृक्षारेपण गरी हरियाली मार्ग निर्माण गरिने कार्यके थालनी गरिने छ ।

**खानेपानी** तथा **सरसफाई र फोहोरमैला व्यबस्थापन**:

- स्वच्छ खानेपानी मानब जीबनको नैसर्गिक अधिकार हो पानीका मुहानहरु |भएका ठाउँमा व्यवस्थित वितरण गर्दै लगिनेछ | एक घर एक धारा अभियानलाई निरन्तरता दिईने छ |पालिकाको गौरवको आयोजनाको रुपमा रहेको **मनपाङ्गखोला सल्यानटार सहलगानी खानेपानीका आयोजना** समयमा नै सम्पन्न गर्नका लागि द्रुत गतिमा यसको निर्माण कार्य अगाडी बढाइनेछ |
- **चिसापानी खानेपानी आयोजना , कामीटारी खानेपानी आयोजना र सल्यानकोट वृहत खानेपानी आयोजनालाई** यही वर्षमा सम्पन्न गरिनेछ |
- खानेपानीको मुहान सरसफाई, बृक्षारोपण, भू-क्षय नियन्त्रण गरीपानीको , मुहान संरक्षण का लागि स्थानीय उपभोक्ताहरुको सहभागितामा संरक्षण गर्न प्रोत्साहन गरिने छ|
- गाउँपालिकाभित्र विभिन्न वडा टोलमा छरियर रहेका उपभोक्ता समितिहरुलाई समेटेर गाउँपालिकास्तरीय एकिकृत खानेपानी बोर्ड गठन गरिनेछ |
- पानीका मुहानहरुमा गुणस्तरीयता मापनका लागि पानी परीक्षणका विभिन्न प्रविधिहरु अवलम्बन गरिने छ|
- स्यानिटरी ल्याण्डफिल साइट तथा डम्पिङ साइट छुट्टयाउनका लागि सम्भाव्यता अध्ययन गरी कार्यन्वयनमा ल्याइनेछ|
- गाउँपालिका ,वडास्तर ,टोलस्तरमा सरसफाई तथा फोहोर व्यबस्थापन समूह गठन गरी क्रियाशील बनाईनेछ|
- फोहोरलाई " मोहोर "बनाउनका लागि प्लास्टिक पुनप्रयोग तथा फोहोरको विविध प्रयोगको विधिलाई अबलम्बन गर्दै लगिने छ|
- टोल विकास सस्थाहरुलाइ फोहोरमैला व्यबस्थापन गर्न जिम्मेवार बनाइने छ ।

## भूमि व्यबस्थापन:

- सार्बजनिक  जग्गाको पहिचान र अभिलेख गरी अतिक्रमणलाई नियन्त्रण गरिनेछ |
- भूमि बैंक स्थापना गरी सोको उपयोगलाई कार्यान्वयन गरिनेछ|
- भूमिको डिजिटल नापी प्रणाली क्रमश लागू गरिनेछ|
- सल्यानटारमा व्यवस्थित वस्ती बिकासको लागि आबश्यक नीति लिइनेछ|
- गाउँपालिकाभित्रको भूमि पून| नापी गर्न पहलकदमी थालिनेछ:

## सहिद वेपत्ता तथा द्वन्द पीडित

- जनयुद्ध,  जनआन्दोलन तथा अन्य विभिन्न आन्दोलनमा सहभागी भई सहादत प्राप्त गर्नु हुने सहिद परिवार, व्यपत्ता परिवारजन ए द्वन्द्धमा  परी घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई गाउँपालिका मार्फत आयआर्जन कार्यक्रममा सहभागी गराई आयस्तर वृद्धिमा जोड दिनेछु |साथै गाउँपालिकाभित्रका विभिन्न अवसरहरुमा प्राथमिकता दिईनेछ |

## भाषा, साहित्य संस्कृति र कला र पर्यटन  :

- यस गाँउपालिकाका पर्यटन तथा संस्कृतिको प्रवर्धनको लागि **"घुम्न जाउँ त्रिपुरासुन्दरी ,सवै मिलि गरौ पर्यटन प्रवर्धन, यसैवाट बढ्छ नाम,दाम र शान"**को नारालाई अंगीकार  गरि यस गाउँपालिका भित्रको सम्पूर्ण धार्मिक, सांस्कृतिक तथा दृष्याअवलोकन क्षेत्र र पर्यटकीय पदमार्गहरुको पहिचान गरी त्रिपुरासुन्दरी गाउँपालिकालाई एउटा पर्यटकीय पदमार्गको रूपमा विकास गर्न आवस्यक कार्य अघि बढाइनेछ| सङ्घीय सरकारले आगामी दशकलाई पर्यटक भ्रमण दशकको रुपमा मनाउने नीति अनुसार सन् २०२५ लाई विशेष पर्यटन वर्ष मनाउने घोषणा गरे बमोजिम यस गाउँपालिकाको स्थानीय सरकारले उक्त विशेष पर्यटन वर्ष मनाउने क्रममा आन्तरीक आन्तरिक र वाहय पर्यटकहरुलाई त्रिपुरासुन्दरी गाउँपालिकामा आकर्षित गर्न यहाँ भएको सवै खालको पर्यटकीय स्थलहरूको पहिचान गरी त्यसको संरक्षण, स्तरोन्नती, प्रबर्धन र प्रचार प्रसार गर्न आगामी अर्थिक वर्ष देखी नै आवश्यक कार्ययोजना बनाइनेछ |
- गाउँपालिकाको धार्मिक र पर्यटकीय स्थलको रुपमा रहेको नृसिंहधाम मन्दिर ,त्रिपुरासुन्दरी मन्दिर स्फटिक खम्बा ,बिन्दावासीनी मन्दिर, दृष्याअवलोकनका लागि सल्यानटार भ्यू टावर ,त्रिपुरासुन्दरी मन्दिर देखि सुन्दरी माई मन्दिर सम्म पुग्ने पदमार्गको निर्माण गर्न आवश्यक कार्ययोजना निर्माण गरिनेछ |
- वडा नं १ र २ मा रहेका दरै र कुमाल जातिको संस्कृति र पहिचान झल्किने दरै र कुमाल संग्रालय साथै होमस्टे निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ |
- त्रिपुरासुन्दरी माई मन्दिरको धार्मिक पर्यटकीय गुरुयोजना निर्माण कार्य गरिनेछ |
- हाल नागरिकको  तहबाट स्वस्फुर्त  सहयोग संकलन गरी गाउँपालिकाको वडा नं ४ मा अवस्थित त्रिपुरासुन्दरी मन्दिर सम्म पुग्नको लागी रिङ्गेपानी- त्रिपुरासुन्दरी मन्दिर सिंढी निर्माण कार्य भईरहेकोमा त्यसको स्तरोन्नति र बाँकी निर्माण कार्य सम्पन्न गर्नका लागि सङ्घीय र प्रदेश सरकार साथै नेपाली सेनाको सहकार्यमा  उक्त कार्यलाई पूर्णता दिइनेछ |

- हाम्रा जातीय र सांस्कृतिक विविधता हाम्रा अमूल्य निधि हुन तिनलाई पर्यटन पर्बधनसंग जोडेर आर्थिक सम्वृद्धिका लागि प्रबर्धन गरिने छ |
- स्थानीय भाषा कला,भेषभुषा, रहनसहन जीवनशैलिको, संरक्षण र सम्बर्धन गरिनेछ प्रत्येक| वस्तीहरुमा एक संस्कृतक हल/मंचको व्यबस्था गरेर स्थानीय संस्कृति र कलाको प्रबर्धन गरिनेछ ति| मन्चहलमा/ सोरठी लाखे,मारुनी,घाटु, नाच, प्रदर्शन गर्न सांस्कृतिक क्यालेन्डर बनाइने छ साहित्य | कला र संगीतको साधनमा लागेका पालिकाभित्रका व्यक्तित्त्वहरुलाई सम्मानित तथा प्रोत्साहित गर्ने गरिनेछ|
- नियमित रुपमा साहित्यिक कार्यक्रमहरु आयोजना गरिनेछन र साहित्य ,कलासंस्कृति,संगीत, आदि क्षेत्रमा साधनारत व्यक्तित्वहरुको बारेमा अभिलेखीकरण गरिनेछ |
- त्रिपुरासुन्दरी माई स्थान लगायत अन्य स्थानीय जात्रा प्रचार,चाडपर्वहरुको,मेला, प्रसार गरेर सांस्कृतिक, तथा धार्मिक पर्यटनको प्रवर्धन गरिनेछ |

## सहकार्य र समन्वय :

नेपालको संबिधानको संघियताको मूल मर्म समन्वय सहअस्तित्व, र सहकारिताको सिद्दान्तलाई अवलम्बन गर्दै संघीयतालाई, अझ मजबुत बनाउदै देशको समग्र प्रगति र उन्नतिमा योगदान दिनका लागि अन्य पालिका प्रदेश, र सङ्घीय सरकारसंगसमन्वय, र सहकार्य गरिनेछ |

- नदि,खोला, वन जस्ता प्राकृतिक स्रोतको उपयोग र व्यबस्थापन वातावरण, संरक्षण विपद, व्यबस्थापन पूर्वाधार, विकास पर्यटन, र खेलकुद विकास जस्ता विषयहरुमा छिमेकी पालिकाहरुसंग समन्वय र सहकार्य गरिनेछ |
- राष्ट्रिय स्तरका ठूलाटार सहित उस्तै भूगोल भएका र अन्तरास्ट्रिय स्तरमा समेत उस्तै भूगोल वा मिल्दो जुल्दो बिशेषता भएका स्थानीय सरकारहरु संग भगिनी सम्बन्ध विस्तार गरिनेछ |

## एकिकृत परियोजना

यस गाउँपालिकालाई अन्तर निर्भर तथा आत्म निर्भर अर्थ व्यवस्थापन गर्न एकीकृत परियोजना अन्तर्गत कृषि उत्पादन उद्योग ,पशुपालन , कृयकहरु सहित आम उपभोक्ता सबै सँगको राय सझाबको ,व्यवसायीहरु ,व्यवसाय र बजारिकरणको व्यवस्थापन गर्दै सबै उद्योगीहरु सक्षम र सम्बृद्धि गाउँपालिका निर्माण गर्न उल्लेखित विवरणका आधारमा कार्यक्रम सँचालन हुने ग ,आधारमा गाउँपालिकालाई सबलरी एकीकृत परियोजना प्रस्ताव गरिएको छ ।
परियोजनाका चरणहरुः
१.

- गाउँपालिका अन्तर निर्भर उत्पादन सहकारी स्थापना गर्नेः
  कृषि उत्पादन सहकारी उद्यमी सहकारी र बजार व्यवस्थापन सहकारी अन्तर ,आत्म निर्भर एकिकृत परियोजनामा स्थापना गर्ने ।
- कृषि उत्पादन सहकारीमा व्यवसायिक दक्ष कृषकहरुलाई सहकारीको संस्थापन सदस्यमा आबद्ध गर्ने , सम्पत्ति तथा बिउ पूजीको लगानी बिना कृषक समुदायको उत्पादकत्व बृद्धि सम्भब छैन ।
- स्थान परियोजना अनुसार बिउ पुंजी व्यवस्थापन गरिनेछ ।

- उद्योग बजार व्यवस्था सहकारी वा निजी व्यवसायिकहरुले अन्तर निर्भर एकीकृत परियोजनामा आधारित लगानी गरिनेछ।

२.

- भू कृषि भूमिको एकिकरण एवम् चक्लाबन्दी गर्ने निति बर्गीकरण-भू.बन तथा खोला ताल पोखरी संरक्षण र उपयोग ,उपयोग-,लिइनेछ
- स्थानीय सरकारबाट भूमीको बर्गीकरण र कृषि योग्य जमिनको एकिकरण गर्न पहल गर्ने। कृषिमा यान्त्रिकरण र कृषकको उत्पादकत्व बृद्धि गर्न जमिनको एकिकरण अनिवार्य हुन्छ। विद्यमान जमिनको स्वामित्वको व्यवस्थामा निजि स्वामित्वमा रहेका जमिनहरु जग्गा धनीले स्वयमले खेती व्यवसाय नगरेको अवस्थामा उत्पादन सहकारीलाई भाडामा उपलब्ध गर्न गराउन स्थानीय सरकारले निर्णय गर्नुपर्दछ। निजी सामुदायिक र सार्वजनिक खेती योग्य जमिन एकीकरण र चक्लाबन्दी अर्थात ,

- कृषि र उद्योगको लागि उपयोगी जमिन सार्वजनिक बन जंगल पोखरी खोला झरना आदि सम्पदाहरुको संरक्षण सम्बर्धन-ताल , र उत्पादन मूलक तथा विकास गर्न सहकारी समुदायिक समाजलाई दायित्व हस्तान्तरण कार्य गरिनेछ,
- स्थानीय प्राकृतिक सम्पदा र स्रोतहरुको संरक्षण र सम्बर्धन सँगै त्यसको उपयोग र उपभोग गर्ने जनताको आयआर्जन र सामाजिक रुपान्तरणमा योगदान पुर्याउने उदेश्यमा आधारित हुनेछ।

३ .

- कृषि र उद्योग – प्रशोधनको लागि लगानी मैत्री बातावरण बनाउने।
- सार्वजनिक कृषि तथा उद्योग प्रशोधन उपयुक्त जमिनको सहज र न्युनतम मुल्यमा उपलब्धता सडक बिद्युत् पानि सिँचाईको सुबिधा सुनिश्चित गर्ने सामाजिक र बातावरणीय मैत्री सहयोग आदि सुनिश्चित गर्ने
- कृषि फर्मकृषि उ ,द्योग फलफुल तथा जडिबुटी प्रशोधन केन्द्र बिद्युत् उत्पादन पर्यटन आदिका ,पशुपन्क्षी माछा पालन, सम्भाव्यतामा लगानी गर्ने गराउन आधार स्थानीय सरकारले बिशेष प्राथमिकतामा जोड दिइनेछ।
- जनस्तरमा बिउ पूजीको व्यवस्थापन गर्ने वा स्थानीय सरकारले निश्चित र दक्ष व्यवसायी कृषक उद्योगीहरुलाई लगानी सहायता कार्यक्रम गरिनेछ।

४.

- आपूर्ती सुनिश्चित गर्ने अन्तर निर्भर कृषि सामग्री उत्पादन कार्य पहिलो प्राथमिकता कार्य मान्दै मल बिउ यन्त्र ,निर्भर-स्व , उत्पादनमा जोड। (प्रविधि) औजार
- मल आपुर्तीको लागि प्रांगारिक तथा गोबर मल उत्पादनमा प्रोत्साहन कार्यक्रम संचालन गर्ने।
- कृषि औजार यान्त्रिकी प्रबिधि स्वदेशी उत्पादन गर्न गराउन प्रोत्साहित गर्ने।
- मल बिउ उत्पादन र भण्डारण कार्यक्रम आधार तहका सरकारले लगानी कै अर्थमा प्रोत्साहन कार्यक्रम संचालन गर्ने।

५.

- सम्भब तथा प्राथमिकताका आधारमा उत्पादन र बजारलाई सहजताका लागि पूरवाधार निर्मणमा जोड लक्षित भौतिक पूर्वाधार निर्मणमा जोड दिनुपर्दछ। सिंचाई पुल आदिलाई जोड दिइनेछ। ,बिद्युत् पोल ,सडक ,
- सामाजिक बिकासको लागि बिद्यालय कलेज बिकास आवास नागरिक सुरक्षा ,ब्यवस्थित बस्ती ,खानेपानी ,स्वस्थ्य केन्द्र , र आन्तरिक बजार तथा अन्तर निर्भर आपूर्ती व्यवस्थामा जोड दिइनेछ।
- स्थानीय आधार स्तम्भ सरकारको नेतृत्वदायी भूमीका र कार्यहरुबाट कृषक समुदायको उत्पादनकत्व क्षमता र मनोबल उच्च हुनेछ र उत्पादन लागत न्युनतम हुदै जानेछ। उत्पादक कृषकले अधिक उत्पादन र न्यूनतम लागतको अवस्था बजारको

चुनौतीको सामना गर्ने एकमात्र उपाय हो। उत्पादन र उद्योग मैत्री नीति र कार्यक्रम बनाउन सक्यो त्यही अनुपातमा उत्पादन बृद्धि र उत्पादन लागत कमि गराउन सकिनेछ।

६.

- लगानी आकर्षित र जनता पुजीं चलाउमान गर्नु गराउनुउद्योग प्रशोधन कृषि र पर्यट ,न लगायत क्षेत्रको सम्भाव्यता खोज र प्रस्तावना गर्ने आन्तरिक र बाह्य लगानी आकर्षित गर्न सम्भब सबै उपाय र सुविधा अवसर दिने आधार स्थानीय सरकार , प्रतिबद्ध रहनेछ ।
- स्थानीय आधार तहका सरकारको नियमित बजेटको कार्वान्वयन गर्न मात्र होइन स्थानीय गुणात्मक बिकासका लागि अतिरिक्त लगानीको स्रोत प्राप्तिको गर्न नेतृत्वदायी भूमिका गर्ने व्यवस्था मिलाइनेछ ।
- जनताको आन्तरिक सेवा र उत्पादन कार्यबाट बैदेशिक रोजगार र सेवाबाट हुने आय आर्जनको बचत र लगानी कार्यक्रम संचालन गर्न व्यवस्था मिलाइनेछ।
- जनताको स्वव्यवस्थापनका लागि बचत. र लगानी सुनिश्चित कार्यक्रम संचालन गरिनेछ।
- जनताका दैनिक आर्थिक आर्थिक कारोवार बैंकिङ्ग बित्तिय प्रणालीमा गर्न गराउन प्रेरित गरिनेछ।
- आर्थिक कारोवारमा उत्पादित तथा उपभोग्य बस्तु खरिद बिक्रि भोचर रसिद प्रणाली अनिवार्य गर्ने गरिनेछ।

७.

- सिप अनुभव र ज्ञान -विज्ञता प्राप्त स्थानीय बौद्धिक एवम् श्रम शक्तिलाई आफ्नै जन्म थलो पैत्रिक तथा पुर्खेली थात थलो फर्कौहर तरहले योगदान अभियान संचालन गरिनेछ। ,
- परियोजनामा संलग्नहरुको बार्षिक रुपले पुर्नमिलन उत्सव दिबस कार्यक्रम राख्ने।

अन्त्यमा ,

चालू आ व. ०७९०/८० को नीति तथा कार्यक्रम योजना तथा बजेट कार्यान्वयनमा, लाग्नुहुने जनप्रतिनिधी, कर्मचारीमित्रहरु तथा आम नागरिकमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु र आर्थिक वर्ष २०८०/८१ को माथि उल्लेखित नीति तथा कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न बजेट विनियोजन गरी कार्य संचालन गरिनेछ | यस बर्षको नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनमा यहाँहरुको अझ बढी सहयोग र क्रियाशीलताको अपेक्षा गर्दछु यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर |जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत ,सूचना अधिकृत , सहयोगी मित्रहरु लगायत सम्पूर्ण कर्मचारी साथिहरुलाई हार्दिक कृतज्ञतासहित धन्यबाद व्यक्त गर्दछु|

२०८० असार १० गते

**राजु उप्रेती**

**अध्यक्ष**